मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

काभ्रेपला
Kavrepalan
बागमती प्रदेश,
BagamatiProvince, N

# सेवा करार सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः- २०७९/०९/१४)

यस नगरपालिकाको लागि तपसिल बमोजिम जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले देहायको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा यस नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यसको दरखास्त फाराम, दरखास्त दस्तुर रसिद, कार्य विवरण, पारीश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण यस कार्यालयको कर्मचारी प्रशासन शाखाबाट उपलब्ध हुनेछ।

## तपसिल

| विज्ञापन नं. | सेवा करारमा लिने पद | तह | सङ्ख्या | न्यूनम शैक्षिक योग्यता | आवेदनमा संलग्न गर्नु पर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| २/२०७९-८० | पशु चिकित्सक | रा. प. तृतीय सरह | १ | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सा विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको र नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको। | - शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि<br>- नेपाल पशु चिकित्सा परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपि<br>- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, | |
| ३/२०७९-८० | कृषि स्नातक | रा. प. तृतीय सरह | १ | मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तीमा स्नातक उत्तीर्ण भएको। | - शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि<br>- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |
| ४/२०७९-८० | वित्तीय साक्षरता सहजकर्ता | सहायक पाँचौ | १ | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रवीणता प्रमाणपत्र वा सो सरह उत्तिर्ण -वित्तीय संस्था सहकारी, उद्यशिलता विकास तथा सामाजिक परिचालनको क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव | - शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि<br>- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,<br>- अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
   (क) शैक्षिक योग्यताः माथि उल्लेख भए बमोजिम
   (ख) उमेरः १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

२. दरखास्त दिने स्थानः- मण्डनदेउपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय (प्रशासन शाखा), महादेवस्थान काभ्रेपलाञ्चोक।

३. आवेदन दस्तुरः- वित्तीय साक्षरता सहजकर्ताः रु. ५००।-
   पशु चिकित्सक र कृषि स्नातकः रु १०००।-

४. छनौटको किसिमः- लिखित, प्रयोगात्मक, तथा अन्तर्वार्ता

५. सेवा सुविधा तथा अन्यः- कार्यक्रमको नियमानुसार

६. परीक्षाको मिति, समय र स्थान पछि प्रकाशन गरिनेछ।

नोटः- उल्लेखित सेवा करार नेपाल सरकारबाट सेवा निरन्तरताका कार्यक्रम प्राप्त भएको अवस्थामा बाहेक २०८० असार मसान्तबाट स्वतः समाप्त हुनेछ।

.......................
प्रमुख प्रशासकीय अधिकृत